

# जलवायु परिवर्तन र रेड अवधारणाका सम्बन्धमा नेपाली आदिवासी जनजातिको दृष्टिकोण



NEFIN

नेपाल आदिवासी जनजाति महासंघ
जलवायु परिवर्तन-रेड् साझेदारी कार्यक्रम
गोल्फुटार, काठमाडौं ।
फोन: ४३७९७२६, इमेल:

In Partnership with: IWGIA AIPP



## पृष्ठभूमि

विगतको तुलनामा केही वर्षयता हिमालका हिउँ धेरै पग्लेर जाने, पग्लेका ठाउँहरूमा पातलो मात्र हिउँ पर्ने वा कालो भाग देखा पर्न थालेको छ । त्यति मात्र होइन, बेला-बेलामा हिउँ पग्लेर हिमतालमा पानी बढेर फुट्ने खतरा बढेको समाचारहरू पनि पढेका-सुनेका छौं ।

मुस्ताङ लगायतका हिमाली क्षेत्रका तल्लो भागहरूमा गर्मी बढेको र लामखुट्टे आउन थालेको छ । खोलाहरू बगरमा परिणत भएका छन्, स्याउ बेमौसममा फुल्ने र दाना नलाग्ने अवस्था पनि देखिन थालेको छ । काफल बेमौसममा पाक्ने, लालीगुराँस बेमौसममा फुल्ने, बेमौसममा दर्के पानी परेर बाढी पहिरो आउने आदि समस्याहरू भोगेका-देखेका कुराहरू नै हुन् ।

# ४ जलवायु परिवर्तन र रेड अवधारणाका सम्बन्धमा नेपाली आदिवासी जनजातिको दृष्टिकोण

हामीले मात्र होइन, विश्वका अन्य विभिन्न भागहरूमा अरू पनि धेरै प्रकारका यस्तै समस्याहरू देखा पर्न थालेका छन् । समुद्रको सतह बढ्दै गएकाले टापु देशहरू डुब्ने खतरामा परेका छन् । वायुमण्डलमा ताप बढेपछि पृथ्वीको ध्रुवमा भएको हिउँ पग्लन थालेर समुद्रको सतह बढेको हो ।

## हरित गृह ग्याँस उत्सर्जनका क्षेत्रहरू




*जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी समूहको चौथो मूल्यांकन प्रतिवेदन, सन् २००७*

यसरी मौसमको स्वरूपमै परिवर्तन देखा पर्नुलाई वैज्ञानिकहरूले जलवायु परिवर्तन भनेका छन् । जलवायु परिवर्तनको मुख्य कारण भू-तापमानको बृद्धि **(Global Warming)** हो । मानिसहरूका बिभिन्न खाले गतिविधिबाट वायुमण्डलमा हरितगृह ग्यासहरूको मात्रा बढेपछि भू-तापमानको बृद्धि भएको हो ।

हरितगृह ग्यास भनेको वायुमण्डलमा रहने कार्वनडाइअक्साड, मिथेन, नाइट्रस अक्साइड जस्ता ग्यासहरू हुन् । त्यसमध्ये पनि कार्वनडाइअक्साइड मुख्य हो । कलकारखाना, यातायात तथा अन्य कार्यहरूका लागि खनिज इन्धन (पेट्रोलियम, ग्यास तथा कोइला) को प्रयोगबाट कार्वनडाइअक्साइड ग्यासको बढी मात्रामा उत्सर्जन हुन्छ ।

हरितगृह ग्यासहरूले सुरुमा सूर्यबाट आएको प्रकाशलाई पृथ्वीसम्म छिर्न दिएपनि त्यससँगै आएका विभिन्न किसिमका विकिरणहरूलाई रोकेर फिर्ता पठाउँछ । अनि पृथ्वीमा आइपुगेका प्रकाशबाट फर्कन लागेको तापलाई रोकेर पृथ्वीलाई जीवन दिने न्यानो बनाइराख्न मद्दत गर्दछ । तर, हरितगृह ग्यासको तह बाक्लो हुँदै गएपछि त्यसले आवश्यकताभन्दा धेरै ताप रोकेर भू-तापमानको बृद्धि भएको हो । यसैको प्रतिफल स्वरूप जालवायु परिवर्तनका प्रभावहरू देखा पर्न थालेका हुन् ।

जलवायु परिवर्तनमा वनको फडानी र वन विनासका कारण उत्सर्जन हुने कार्वन डाइअक्साइडको योगदान करिव २० प्रतिशत रहेको छ । त्यसैले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणको उपायहरूमध्ये हाल विकासशील देशहरूमा वन फडानी र वन

विनासबाट हुने कार्वन उत्सर्जनको कटौती **(Reducing Emissions from Deforestation and Forest Degradation)** लाई पनि लिन थालिएको छ । यसलाई छोटकारीमा रेड **(REDD)** अवधारणा भनिन्छ । रेड अवधारणामा थप परिमार्जन गर्दै दिगो वन व्यवस्थापनका उपायहरूलाई समेत समेटर पछिल्लो समयमा यसलाई 'रेड प्लस' पनि भन्न थालिएको छ । यस पुस्तिकामा जलवायु परिवर्तन र यसको प्रभाव न्यूनीकरणका लागि बनेको रेड अथवा रेड् प्लस अवधारणाका सम्बन्धमा नेपाली आदिवासी जनजाति समुदायको दृष्टिकोण र सरोकारहरूलाई प्रष्ट पारिएको छ ।

## रेड, रेडप्लस र आदिवासी जनजाति समुदायबीचको सम्बन्ध

विश्वमा ३० करोड आदिवासी जनजातिहरू आफ्नै विशिष्ट र मौलिक पहिचान, संस्कृति, जीवनशैली, भाषा, चलन र मूल्य मान्यताका साथ बसोबास गर्दै आएका छन् । नेपालमा २०५८ सालको जनगणनाअनुसार आदिवासी जनजातिहरूले ३७ प्रतिशतभन्दा बढी जनसंख्या ओगटेको छ । आदिवासी जनजातिहरूको जीवन पद्धती वनजंगल लगायतका प्राकृतिक स्रोतसाधनसँग अत्यन्त अन्योन्याश्रित छ ।



आदिवासी जनजातिहरू सबैभन्दा कम कार्वन डाइअक्साइड उत्सर्जन गर्ने समुदाय हुन् । जलवायु परिवर्तनमा उनीहरूको कार्वन तटस्थ जीवन पद्धतीका कारण सबैभन्दा कम योगदान रहेको छ । यद्यपि, उनीहरूको दिगो र कम कार्वन उत्सर्जन गर्ने जीवन पद्धतीलाई अझै अन्तर्राष्ट्रिय र राष्ट्रिय तहमा स्वीकार गरिएको छैन ।



वनजंगल, पानी र खानीले आदिवासी जनजातिहरूलाई जीउने सहारा प्रदान गरेको छ । आदिवासी जनजातिहरूले आफ्नै मौलिक ज्ञान, सीप तथा परम्परागत प्रविधिले प्राकृतिक स्रोतहरूको दिगो रूपमा संरक्षण र व्यवस्थापन गर्दै आएका छन् । यसले अति लोपोन्मुख जीव तथा वनस्पतिहरूको निरन्तर संरक्षण गर्दै आएको छ ।

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणको उपायका रूपमा रेड अवधारणा आएपछि आदिवासी जनजातिहरूमा वन जंगलसँगको आफ्नो अन्योन्याश्रित सम्बन्धमा बाधाहरू आइपर्ला कि भन्ने डर उत्पन्न भएको छ । आदिवासी जनजातिहरूको भूमि र स्रोतको प्रयोग, स्वामित्व र व्यवस्थापनको अधिकारलाई रेडले प्रभाव पार्ने प्रवल सम्भावना छ । यसले आदिवासी जनजातिहरूको सम्पूर्ण जीवन पद्धतीलाई राम्रो वा अति नराम्रो प्रभाव पार्नसक्ने कुरामा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा छलफलहरू सुरू भएको छ ।

रेड अवधारणा उष्ण र उप-उष्ण क्षेत्रका विकासशील राष्ट्रहरूमा कार्यान्वयनको चरणमा छ । त्यस्ता धेरैजसो वन क्षेत्रहरू आदिवासी जनजातिको परम्परागत पुर्ख्यौली भूमि हो । यी वनहरूमा आदिवासी जनजाति समुदायहरू सयौं वर्षदेखि बसोबास गर्दै आएका छन्क्षा उनीहरूले ती वनहरूलाई दिगो रूपमा प्रयोग र व्यवस्थापन गर्दै आएका हुन् । आदिवासी जनजातिका परम्परागत भू-उपयोग र व्यवस्थापनका प्रचलनहरूले वनलाई मास्नुको सट्टा भू-उपयोगमा विविधता ल्याएको छ र जैविक विविधता बढाएको छ ।

रेड अवधारणाले वन संरक्षणका कार्यलाई सहयोग गर्ने उद्देश्य राखेको छ र यसका लागि औद्योगिक (विकसित) देशहरूबाट ठूलो मात्रामा भुक्तानी प्राप्त गर्ने अपेक्षा राखिको छ । वन संरक्षण प्रत्येक व्यक्तिको हितमा छ र अझ आदिवासी जनजाति समुदायहरूका लागि थप हितकारी छ भन्ने कुरामा दुईमत छैन । तर, रेड अवधारणा अन्तर्गतका कार्यक्रमहरूले आदिवासी जनजातिहरूलाई अति धेरै नकारात्मक प्रभाव पार्नसक्ने सम्भावना पनि उत्तिकै छ । यसले जंगलभित्र के गर्न हुने र नहुने भन्ने सम्बन्धमा धेरै नियमहरू बनाउने संभावना छ । खेती किसानी, शिकार, खाद्यान्नको जोहो तथा औषधिमुलो, दाउरा र चरण तथा स्रोतहरूको अन्य प्रयोगको लागि कडा नियमहरू बनाउने संभावना छ ।

प्राकृतिक स्रोत साधनमाथिको आदिवासी जनजातिहरूको अधिकारलाई बेवास्ता गरिने संभावना छ । रेडका कारणले स्थानान्तरण, विस्थापन, भूमिहिनता र गरिवी जस्ता समस्याहरू देखा पर्ने आशंका आदिवासी जननजातिहरूले गरेका छन् । वास्तवमा यो एक प्रकारले संरक्षित क्षेत्र जस्तै हो । यसलाई कार्वन संरक्षित क्षेत्रहरू भनिने छ ।

रेडका कारणले स्थानान्तरण, विस्थापन, भूमिहिनता र गरिवी जस्ता समस्याहरू देखा पर्ने आशंका आदिवासी जननजातिहरूले गरेका छन् ।

यद्यपि, यदि आदिवासी जनजातिका आधारभूत अधिकारहरूको सम्मान गरियो र रेड अवधारणाअन्तर्गतका कार्यक्रमहरू निर्माण र व्यवस्थापन आदिवासी जनजातिको नियन्त्रणमा भयो भने यसले नयाँ अवसरहरू पनि दिने संभावना छ । त्यसैले रेडका सम्बन्धमा आदिवासी जनजातिका संस्थाहरूको धारणाहरू निकै फरक-फरक छन्क्षा कुनै समुहले वनलाई कार्वनको गोदाम देख्ने सोचको जोडदार बिरोध गर्दछ र कुनै पनि किसिमको कार्वन व्यापारलाई अस्वीकार गर्दछक्षा अन्य समुहले भने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रक्रियाहरूमा आदिवासी जनजातिको अडानलाई समावेश गरोस् भन्ने माग राख्दछ ।

## आदिवासी जनजातिका अन्तर्राष्ट्रिय अभियान

आदिवासी जनजाति प्रतिनिधिहरूले अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा समेत जलवायु परिवर्तन र त्यसको न्यूनीकरणका लागि अगाडि सारिएको रेड अवधारणाका सम्बन्धमा लामो समयदेखि आफ्ना अडानहरू राख्दै आएको छ । विश्वभरका

# जलवायु परिवर्तन र रेडका सम्बन्धमा
# अवधारणापत्र (Po

नेपाल सरकारले आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को महासन्धि नं. १६९ को अनुमोदन र आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको पक्षमा मतदान गरेकोलाई ध्यान दिंदै,

जलवायु परिवर्तनका सम्बन्धमा आदिवासी जनजातिहरूको अन्तर्राष्ट्रिय मञ्चले सन् २००९ मा अमेरिकाको एन्कोरेजमा विश्व सम्मेलनले जारी गरेको एन्कोरेज घोषणापत्रलाई आत्मसात गर्दै,

प्रकृतिसँग प्रत्यक्ष रूपमा अन्योन्याश्रित राख्ने समुदाय हामी आदिवासी जनजातिहरू भएको कुरालाई मनन गर्दै,

नेपालका आदिवासी जनजातिहरूले विगतदेखि हालसम्म गर्दै आएको संघर्षमा प्रष्फुटित भएका आत्मनिर्णयको अधिकार, प्राकृतिक स्रोत साधनमाथिको अग्राधिकार, भूमिमाथिको स्वामित्व र नियन्त्रणलगायतका हाम्रा माग दावीहरूलाई मध्यनजर गर्दै,

नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन र वन क्षेत्रको फडानी तथा विनासबाट हुने कार्वन उत्सर्जन कटौती (रेड्) सम्बन्धमा निम्न विषयहरूलाई न्यूनतम् अवधारणाका रूपमा घोषणा गर्दछः

१. जलवायु परिवर्तन र रेड्का सम्बन्धमा राज्यले बनाउने जुनसुकै नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यमा आइएलओ महासन्धि नं. १६९ र आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्रले प्रत्याभूत गरेको आदिवासी जनजातिहरूको जल, जमिन, जंगल र खानीमाथिको स्वामित्व र नियन्त्रणको अधिकारहरूलाई संवैधानिक, कानुनी र प्रशासनिक सुनिश्चितता हुनु पर्दछ ।

२. राज्यले जलवायु परिवर्तन र रेड्सँग सम्बन्धित जुनसुकै नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यमा आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारलाई मान्यता दिइनु पर्दछ ।

३. राज्यले गर्ने जलवायु परिवर्तन र रेड्सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यमा आदिवासी जनजातिहरूको स्वतन्त्र, पूर्वसुसूचित सहमतिलाई सुनिश्चित गरिनु पर्दछ ।

४. राज्यले जलवायु परिवर्तन र रेड्सँग सम्बन्धित नीति, योजना तथा कार्यक्रमहरू बनाउँदा, कार्यान्वयन गर्दा र मूल्यांकन कार्यहरूमा आदिवासी जनजातिहरूको पुख्र्यौली भूमि, वन तथा अन्य प्राकृतिक स्रोतहरूसँग अन्योन्याश्रित सम्बन्धका साथै परम्परागत ज्ञान, सीप, रीतिरिवाज, प्रथाजनित न्यायिक व्यवस्थाको प्रयोग र संस्कृतिलाई संवैधानिक र कानुनी मान्यता दिइनु पर्दछ ।

५. राज्यले जलवायु परिर्वन र रेड्सँग सम्बन्धित जुनसुकै नीति, योजना तथा कार्यक्रम बनाउँदा, कार्यान्वयन गर्दा र मूल्यांकनमा आदिवासी जनजातिहरूको पूर्ण र प्रभावकारी सहभागिताको व्यवस्था सुनिश्चित गरिनु पर्दछ ।

६. राज्यले वन फडानी तथा वन क्षेत्रको विनास रोक्ने जुनसुकै नीति, योजना तथा कार्यक्रम लागु गर्दा वन संरक्षण तथा



# नेपाल आदिवासी जनजाति महासंघको
# osition Paper)

व्यवस्थापनसम्बन्धी आदिवासी जनजातिहरूको परम्परागत प्रणालीलाई मान्यता दिइनु पर्दछ ।

७. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण र अनुकूलनका लागि रेड्को उपयोग कार्वन व्यापारसँग सम्बन्धित भएकोले वन-जंगलभित्रको कार्वन भण्डारको व्यापार गर्ने वा नगर्ने तथा के, कसरी गर्ने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार आदिवासी जनजातिहरूसँग रहने व्यवस्था गरिनु पर्दछ ।

८. राज्यले जलवायु परिवर्तन र रेड्सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र मूल्यांकन कार्यहरू गर्दा आदिवासी जनजातिहरूको परम्परागत ज्ञान र सीपमा आधारित प्रविधिमा उनीहरूको स्वत्व ९एबतभलत च्भनजतक० कायम हुनेगरी संरक्षण, संवर्द्धन र विकास गरिनु पर्दछ ।

९. जलवायु परिवर्तनको पहिलो असर आदिवासी जनजातिहरूलाई पर्ने भएकोले हाम्रो परम्परागत जीवन पद्दती, जीविकोपार्जन, स्वास्थ्य उपचार प्रणाली आदिमा व्यापक रूपमा असर गर्ने भएकोले सोलाई सम्बोधन गर्नका लागि राज्यले आदिवासी जनजातिहरूको परम्परागत जीवन पद्दति अनुकूल हुने गरी विशेष व्यवस्था गर्नु पर्दछ ।

१०. जलवायु परिवर्तनको प्रभावका रूपमा देखिएको आवासन र आप्रवासनले आदिवासी जनजातिको पहिचान र जीवन पद्दतीमा पार्ने नकारात्मक प्रभावहरूलाई रोक्नका लागि राज्यले विशेष उपायहरू अवलम्वन गर्नु पर्दछ ।

११. राज्यले जलवायु परिवर्तन र रेड्सँग सम्बन्धित नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा, कार्यान्वयन गर्दा र मूल्यांकन कार्यमा आदिवासी जनजाति महिलाहरू तथा बालबालिकाहरूलाई सबैभन्दा बढी प्रभाव पार्ने कुरालाई मान्यता दिई महिला र बालबालिकाको प्रभावकारी सहभागितालाई सुनिश्चित गरिनु पर्दछ ।

१२. जलवायु परिवर्तनका कारण हिमताल फुटेर, बाढी पहिरो तथा सुख्खालगायतका प्रभावबाट हिमाल, पहाड र तराईका बासिन्दालाई जोगाउन सरकारले तत्काल विशेष उपायहरू अवलम्वन गर्नु पर्दछ ।

१३. जलवायु परिवर्तनको प्रभावबाट तत्काल जोखिममा पर्नसक्ने आदिवासी जनजाति समुदायहरूको पहिचान गरी त्यस्ता समुदायहरूलाई जलवायु परिवर्तनबाट प्रभावित पहिलो समुदायु घोषणा गरी प्रभाव न्यूनीकरण र अनुकूलनको विशेष वैकल्पिक कार्यक्रममा लागु गर्नु पर्दछ ।

१४. विश्वको सर्वोच्च शिखर सगरमाथालगायतका हिमालको हिउ पग्लिँने, हिमनदी सुक्ने, हिमताल फुट्ने जस्ता प्रभावबाट प्रत्यक्ष प्रभावित समुदाय नेपालका आदिवासी जनजाति समुदाय हुन् भनी विश्व समुदायको ध्यानाकर्षण गर्दछ ।





आदिवासी जनजातिहरूको माग दावीलाई साझा रूपमा अघि बढाउनका लागि जलवायु परिवर्तनसम्वन्धी आदिवासी जनजातिहरूको अन्तर्राष्ट्रिय मञ्च **(International Indigenous Peoples Forum on Climate Change-IIPFCC)** गठन गरिएको छ । त्यसले बिभिन्न महादेशबाट आएका आदिवासी जनजातिका प्रतिनिधिहरूलाई एक ठाउँमा बसेर आफ्ना सवालहरूका बारेमा छलफल गर्ने र साझा अवधारणा बनाउने कार्यमा सघाउ पुऱ्याउँछ ।

यसरी साझा अवधारणा बनाउने सिलसिलामा सन् २००९ मा अमेरिकाको आलस्कास्थित एन्कोरेजमा जलवायु परिवर्तनसम्बन्धी आदिवासी जनजातिहरूको विश्व सम्मेलन आयोजना गरिएको थियो । उक्त सम्मेलनले आदिवासी जनजातिहरूको आधारभूत अवधारणा तयार पारेको छ । त्यसलाई एन्कोरेज घोषणापत्र भनिन्छ ।

एन्कोरेज घोषणापत्र विश्वका सबै महादेशबाट प्रतिनिधित्व गर्ने आदिवासी जनजातिहरूको साझा अवधारणाको रूपमा आएको छ । यसले विशेष गरेर संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्रको धारा २५ देखि ३० सम्म गरिएका व्यवस्थालाई विशेष जोड दिएको छ । जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलनतासम्बन्धी कार्यहरू गर्दा आदिवासी जनजातिहरूको जल, जंगल र जमिनमा असर पार्ने अवस्थामा उनीहरूको आत्मनिर्णयको अधिकारलाई मान्यता दिन जोड दिएको छ । त्यसैगरी 'अस्वीकार' गर्ने अधिकारसहितको स्वतन्त्र पूर्वसुसूचित सहमतिको व्यवस्थाको कार्यान्वयनमा जोड दिएको छ । आदिवासी जनजातिहरूको पूर्ण तथा प्रभावकारी सहभागितालाई सुनिश्चित गर्न पनि एन्कोरेज घोषणापत्रले भनेको छ । घोषणापत्रले जलवायु परिवर्तनसम्बन्धी

खाका महासन्धिको सहमतिहरूमा संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्र **(United Nations Declaration of Indigenous Peoples Rights–UNDRIP)** को भावनाअनुरूप त्यसलाई न्यूनतम् आधार मान्नुपर्ने उल्लेख गरेको छ । साथै आदिवासी जनजातिहरूको भूमिमाथिको हक भोग, सांस्कृतिक, आध्यात्मिक तथा मौलिक र परम्परागत अधिकारको सम्मान गरिनुपर्ने अडान स्पष्ट राखिएको छ ।

## युएनड्रिप र आइएलओ नं. १६९

आदिवासी जनजातिहरूको अधिकार स्थापित गर्नका लागि सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजहरू संयुक्त राष्ट्रसंघीय मानव अधिकारसम्बन्धी घोषणापत्र (युएनड्रिप) र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नम्बर १६९ (आइएलओ १६९) हो । आइएलओ १६९ लाई नेपाल सरकारले २०६४ सालमा अनुमोदन गरेको थियो भने त्यही वर्ष संयुक्त राष्ट्रसंघको महासभामा युएनड्रिपको पक्षमा मतदान गरेको थियो ।

नेपाल सरकार यि दुवै अन्तरराष्ट्रिय दस्तावेजको पक्ष राष्ट्र हो । यी दस्तावेजअनुसार मुलुकको आन्तरिक कानुनलाई परिमार्जन गरेर कार्यान्वयन गर्नु सरकारको दायित्व हो । आइएलओ १६९ महासन्धि भएको र नेपालको संसदले अनुमोदन गरेका कारण यसको कार्यान्वयन नेपाल सरकारका लागि बाध्यात्मक छ । तर, युएनड्रिप घोषणापत्र भएकोले यसको कार्यान्वयन गर्नु नेपाल सरकारको नैतिक दायित्व हो । यद्यपि, हालसम्म बनेका अन्तर्राष्ट्रिय कानुनहरूको व्यवस्थालाई घोषणापत्रले आत्मसात गरेकाले यसको कार्यान्वयन पनि बाध्यात्मक हुने तर्कहरूसमेत छन् ।



# १२ जलवायु परिवर्तन र रेड अवधारणाका सम्बन्धमा नेपाली आदिवासी जनजातिको दृष्टिकोण



विश्वका आदिवासी जनजातिहरूले युएनड्रिपले गरेको व्यवस्थाहरूलाई आफ्ना आधारभूत अधिकारको रूपमा स्वीकार गरिसकेका छन् ।

यी दुवै अन्तर्राष्ट्रिय दस्तावेजका आधारमा जलवायु परिवर्तन र रेड अवधारणाका सम्बन्धमा निम्न विषयहरूलाई आधारभूत अधिकारको रूपमा सुनिश्चित गर्नुपर्ने हुन्छः

## आत्मनिर्णयको अधिकार

आदिवासी जनजातिहरूलाई सामुहिक रूपमा राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक पद्धती र विकासको निर्धारण स्वतन्त्र रूपमा गर्ने अधिकार छ । यसैलाई आत्मनिर्णयको अधिकार भनिन्छ । जलवायु परिवर्तन र रेड अवधारणासँग सम्वन्धित जुनसुकै नीति तर्जुमा गर्दा तथा योजना कार्यान्वयन गर्दा आदिवासी जनजातिहरूलाई प्रभावित पार्ने हुँदा स्वतन्त्र रूपमा आफ्ना विकासका प्राथमिकताहरू तोक्ने अधिकार उनीहरूसँग रहेको छ ।

## पूर्ण र प्रभावकारी सहभागिताको अधिकार

आदिवासी जनजातिहरूलाई राज्यका हरेक निकायमा पूर्ण र प्रभावकारी सहभागिताको अधिकार छ । आफ्नो राजनीतिक, कानुनी, आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका विशिष्ट संस्थाहरूलाई अफ सुदृढ गर्ने अधिकार छ । यसले जलवायु परिवर्तन र रेड अवधारणासँग सम्वन्धित सबै प्रकारका प्रक्रियाहरूमा पहिचानसहित पूर्ण र प्रभावकारी सहभागितामा जोड दिन्छ ।

## भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोतहरूमा अधिकार

आदिवासी जनजातिलाई भूमि, भू-क्षेत्र र स्रोतहरूमा अधिकार र नियन्त्रणको अधिकार छ । आदिवासी जनजातिको भूमि व्यवस्थाका सम्बन्धमा प्रथा र परम्परालाई सम्मान गर्दै यी भूमि, भू-क्षेत्र र स्रोतहरूको कानुनी मान्यता दिनु पर्दछ । आदिवासी जनजातिहरूलाई भूमि, भू-क्षेत्र र स्रोतहरूसँग आफनो विशिष्ट अध्यात्मिक सम्बन्ध कायम राख्न र भावी पुस्तालाई हस्तान्तरण गर्ने अधिकार छ ।

भूमि, भू-क्षेत्र र स्रोतहरूसँग सम्वन्धित विवादहरू समाधान गर्दा राज्यले सरोकारवाला आदिवासी जनजातिहरूसँग मिलेर खुला र पारदर्शी प्रक्रिया स्थापना र कार्यान्वयन गर्नु पर्दछ । जलवायु परिवर्तनबाट सबैभन्दा बढी असर आदिवासी जनजातिहरूलाई पर्ने र त्यसको न्यूनीकरणका लागि आएको रेड अवधारणाको आधारभूमि पनि आदिवासी जनजातिहरूले वर्षौदेखि जोगाउँदै आएको वन-जंगल नै हुने हुँदा ती भूमि र वनजंगलमा आदिवासी जनजातिहरूको अधिकार सुनिश्चित गरिनु पर्दछ ।



## स्वतन्त्र, पूर्वसुसूचित सहमतिको अधिकार



आदिवासी जनजातिहरूलाई आफनो भूमि वा भू-क्षेत्रबाट बाध्यात्मक विस्थापन वा पुनर्स्थापनाको कुनै पनि कार्य गर्दा, आदिवासी जनजातिलाई प्रभाव पार्ने विद्यमान कानुनमा परिवर्तन वा नयाँ कानुन बनाउँदा, आदिवासी जनजातिको भूमि र भू-क्षेत्रको विकासका लागि कुनै पनि परियोजना कार्यान्वयन गर्दा, खनीज, जल वा अन्य स्रोतको दोहनमा प्रभाव पार्ने कार्यक्रमहरू आदिवासी जनजातिहरूलाई स्वतन्त्र, पूर्वसुसूचित सहमतिको अधिकार रहेको छ ।

स्वतन्त्र, पूर्वसूसुचित सहमति भनेको जुनसुकै परियोजना कार्यान्वयन वा नियम कानुन बनाउने वा परिवर्तन गर्ने सम्बन्धमा त्यसलाई स्वीकार गर्ने वा अस्वीकार गर्ने वा शर्त राख्ने भन्ने कुराको निर्धारण आदिवासी जनजाति आफैले गर्नु हो । यो अधिकारअनुसार जलवायु परिवर्तनको न्यूनीकरणका लागि आएको रेड अवधारणालाई स्वीकार गर्ने वा नगर्ने वा के-कस्ता सर्तहरू राख्ने भन्ने सम्बन्धमा आदिवासी जनजातिहरू आफैले लिने निर्णय महत्वपूर्ण हुनेछ ।

❖❖

जलवायु परिवर्तन र रेडका सम्बन्धमा आदिवासी जनजातिको दृष्टिकोणबारे थप जानकारीका लागि **के हो बन फडानी तथा वन क्षेत्रको विनासबाट हुने कार्बन उत्सर्जनको कटौती (रेड) ?** पुस्तक हेर्नुहोला ।





जलवायु परिवर्तनमा आदिवासी जनजातिहरुको कार्बनडाइअक्साइड तटस्थ जीवन पद्धतीका कारण सबैभन्दा कम योगदान रहेको छ । यद्यपि, उनीहरुको दिगो र कम कार्बन उत्सर्जन गर्ने जीवन पद्धतीलाई अझै अन्तर्राष्ट्रिय र राष्ट्रिय तहमा स्वीकार गरिएको छैन ।

एन्कोरेज घोषणापत्रले जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलनतासम्बन्धी कार्यहरु गर्दा आदिवासी जनजातिहरुको जल, जंगल र जमिनमा असर पार्ने अवस्थामा उनीहरुको आत्मनिर्णयको अधिकारलाई मान्यता दिन जोड दिएको छ ।

स्वतन्त्र, पूर्वसूसुचित सहमति भनेको जुनसुकै परियोजना कार्यान्वयन वा नियम कानुन बनाउने वा परिवर्तन गर्ने सम्बन्धमा त्यसलाई स्वीकार गर्ने वा अस्वीकार गर्ने वा शर्त राख्ने भन्ने कुराको निर्धारण आदिवासी जनजाति आफैंले गर्नु हो ।

तस्विर : डेनिस मगर, माला गुरुङ, उम्डे गुरुङ अभिलेख


NEFIN